## शाह पुर्पक्षका लागि थुनामा

**काठमाडौं/हिटा ।** बलात्कार आरोपमा पक्राउ पर्नु भएका नायक पूर्णविक्रम शाह उर्फ पल शाहलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको छ । तनहुँ जिल्ला अदालतका न्यायाधीश हरिषचन्द्र ढुंगानाको एकल इजलासले थुनछेक बहसपछि बिहीबार शाहलाई मुद्दा पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो ।

प्रतिवादीद्वय पल शाह र कृष्ण जोशीको पक्षबाट ११ जना र जाहेरवालाको तर्फबाट सातजना कानुन व्यवसायीले बहस गर्नुभएको थियो । तनहुँ जिल्ला अदालतका एक नम्बर न्यायाधीश हरिषचन्द्र ढुंगानाको इजलासमा थुनछेक बहस भएको हो । जोशीसँग एक लाख रुपैयाँ धरौटी मागिएको छ ।

'तत्काल प्राप्त प्रमाणका आधारमा विश्लेषण गर्दा प्रतिवादी पल शाह भन्ने पूर्ण विक्रम शाहले वर्ष १५ कि परिवर्तित नाम ०७८/०७९ व्यास-१२ लाई ललाइफकाई विवाह गर्छु भनी प्रलोभन देखाई जबर्जस्ती करणी गरेको देखिन आएकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई निज प्रतिवादी पल शाह भन्ने पूर्णविक्रम शाहलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) बमोजिम थुनामा राखी पुर्पक्ष गर्नेगरी रीतपूर्वक थुनुवा पुर्जी दिई कारागार कार्यालय, दमौली तनहुँमा पठाइदिनू' आदेशमा भनिएको छ ।

एक नाबालिग गायिकाले दिएको जाहेरीका आधारमा जिल्ला सरकारी वकिल कार्यालयले शाहविरुद्ध १४ वर्ष कैद सजाय माग गर्दै अदालतमा अभियोग पत्र दर्ता गरेको थियो । तीनै पीडितले शाहविरुद्ध पूर्वीनवलपरासीमा पनि बलात्कारको जाहेरी दिएपछि त्यहाँको जिल्ला अदालतमा अभियोग पत्र दर्ता भइसकेको छ ।

## 'मन मनै त हो'मा अमिका र ध्रुव



**काठमाडौं/हिटा ।** नेपाली सांगीतिक क्षेत्रमा अर्को फरक गीत 'मन मनै त हो' सार्वजनिक गरिएको छ । गायिका मेलीना राईको स्वरमा रहेको उक्त गीतको भिडियो पनि सार्वजनिक गरियो । लण्डनका चर्चित युवा निर्देशक कुशल श्रेष्ठको छायांकन, सम्पादन र निर्देशनमा अर्को नयाँ रोमाञ्चक म्युजिक भिडियो लण्डन प्लमस्टिडस्थित गोर्खा क्लबमा एक कार्यक्रमबीच सार्वजनिक गरिएको हो ।

मोडल अमिका महत क्षेत्रीको 'मन मनै त हो'मा शब्द अर्जुन रत्न भिखारीको रहेको छ । सुनिल मास्केको संगीत, मेलिना राईको स्वर रहेको गीतमा लण्डनका विभिन्न रमणीय दृश्य समेटेर भिडियो बनाइएको छ । म्युजिक भिडियोमा लण्डनका लोकप्रिय नायक ध्रुव दत्त र अमिका महतको अभिनय छ । मिसेस नेपाल युकेमा सहभागी अमिकाको यो डेब्यु प्रोजेक्ट हो ।

म्युजिक भिडियो सार्वजनिक कार्यक्रममा कलाकारहरू ध्रुव दत्त र अमिका क्षेत्रीले आ-आफ्नो अनुभव सुनाउनु भएको छ । उहाँहरूले कुशलको निर्देशकीय क्षमता र गाइडेन्समा काम गर्न निकै सहज भएको बताउनुभएको छ । कार्यक्रममा वक्ताहरूले बेलायतमा सीमित स्रोत र साधनका बीच पनि म्युजिक भिडियो निरन्तर आइरहनु नेपाली गीतसंगीत र श्रष्टाका लागि सकारात्मक पक्ष भएको धारणा राख्नु भएको थियो । पहिलोपटक म्युजिक भिडियोमा अभिनय गर्नु भएकी अमिका चर्चित नाट्यकर्मी स्वर्गीय जीतेन्द्र महत अभिलाषीकी सुपुत्री हुनुहुन्छ ।

## नोवेल पुरस्कार युक्रेनी शरणार्थीलाई

**एजेन्सी**

**मस्को, १० चैत**

रूसका नोवेल शान्ति पुरस्कार विजेता दिमित्री मुरेतोभले आफूले पाएको पुरस्कार युक्रेनी शरणार्थीलाई रकम जुटाउन दान गर्ने घोषणा गर्नुभएको छ । रूसको नोभाय गजेटा पत्रिकाका प्रधानसम्पादक समेत रहनुभएका मुरातोभले रूसी हमलापछि एक करोड युक्रेनी आफ्ना घरबाट विस्थापित भएको अवस्थामा सो सहयोग गर्ने निर्णयमा पुगेको बताउनुभएको हो । उहाँ रूसी प्रशासन केन्द्र क्रेमलिनका प्रखर आलोचकका रूपमा परिचित हुनुहन्छ ।

रूसी हमलाका कारण दिनहुँ युक्रेन छोडेर छिमेकी मुलुकहरूमा शरण लिनेको संख्या बढ्दो छ । अहिलेसम्म ३५ लाखभन्दा बढी युक्रेनीले देश छोडेर विभिन्न देशमा शरण लिएका छन् । त्यस्तै, युद्धकै कारण घर छाड्ने युक्रेनीको संख्या झनै डरलाग्दो छ । राष्ट्रसंघका अनुसार अहिलेसम्म युद्धका कारण एक करोड युक्रेनीले घर छाडेका छन् ।

गएको फेब्रुवरी २४ मा रूसले युक्रेनमाथि आक्रमण गरेसँगै युक्रेनका करिब एकचौथाइ नागरिक विस्थापित भएका छन् । संयुक्त राष्ट्रसंघीय शरणार्थी नियोग (युएनएचसिआर) का अनुसार एक करोड युक्रेनी थातथलोबाट विस्थापित भएका हुन् । पछिल्लो दशकमै अति तीव्र गतिमा मानिस विस्थापित भइरहेको युएनएचसिआरले जनाएको छ । विस्थापित भएकामध्ये ३५ लाख भन्द बढी युक्रेनीले देश छोडेका छन् । करिब ६५ लाख युक्रेनी आन्तरिक रूपमा विस्थापित भएका छन् । रूसले युक्रेनमा सार्वजनिक स्थल, आवासीय क्षेत्र, आवासीय भवन, विद्यालय, अस्पतालसहितलाई निशाना बनाउँदा सर्वसाधारण विस्थापित भएका हुन् ।

रसियाले युक्रेनमाथि हमला सुरु गरेको एक महिना भएको छ । निरन्तरको आक्रमणका कारण युक्रेनले हालसम्म ठूलो क्षती व्यहोरेको छ । एक महिनाको अवधिमा पटक-पटक वार्ताका प्रयास भए तापनि केही ठोष सहमति हुन नसक्दा युद्द अझै कहिलेसम्म लम्बिने हो भन्ने विषयमा कुनै निष्कर्षमा पुग्न सकिने अवस्था छैन । युद्दको सुरु भएको एक महिना बिहीबार युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युद्दको विरोधमा विश्वव्यापी ऱ्याली निकाल्न अपिल गर्नुभएको छ । जेलेन्स्कीले बिहीबार एक भिडिओ सन्देश जारी गर्दै यस्तो अपिल गर्नुभएको थियो । रूसले सुरु गरेको युद्द युक्रेनविरुद्धको युद्दमात्र नभई समग्र विश्वको स्वतन्त्रता विरुद्धको युद्द भएको कारण विश्वव्यापी रूपमामा यसको विरोध हुनुपर्ने जेलेन्स्कीको भनाइ थियो ।

## उत्तराखण्डको मुख्यमन्त्रीमा पुनः धामी

**एजेन्सी**

**देहेरादुन, १० चैत**

भारतको उत्तराखण्डमा पुनः पुष्करसिंह धामी मुख्यमन्त्रीमा नियुक्त हुनुभएको छ । उत्तराखण्डमा हालै भएको विधानसभा चुनावमा धामी पराजित हुनु भए पनि पुनः मुख्यमन्त्रीमा नियुक्त हुनुभएको हो । भारतीय कांग्रेसका युवा उम्मेदवार भुवन कापडीले मुख्यमन्त्री धामीलाई पराजित गर्नुभएको थियो ।

विधानसभा चुनावमा पराजित भएर पनि सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) ले धामीलाई नै पुनः मुख्यमन्त्री बनाएको हो । शपथग्रहण कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह, भाजपा अध्यक्ष जेपी नड्डा लगायत सहभागी हुनुहुन्थ्या ।

मुख्यमन्त्रीको शपथ लिएपछि धामीले आठ मन्त्री नियुक्त गर्नुभएको छ । धामी सरकारका नयाँ मन्त्रीमा सतपाल महाराज, प्रेमचन्द्र अग्रवाल, गणेश जोशी, धनसिंह रावत, सुबोध उनियाल, रेखा आर्य, चन्दनराम दास र सौरभ बहुगुणा हुनुहुन्छ । नवनियुक्त मन्त्रीहरू सबैले विधानसभा चुनाव जितेका थिए ।

मुख्यमन्त्री भएको ६ महिनामै राज्यमा अलग छाप छोडेको भन्दै पार्टीको शीर्ष नेतृत्व धामीलाई नै जिम्मेवारी दिने निष्कर्षमा पुगेको थियो । उहाँका लागि सिट छोड्न धेरै विधायक तयार भएका छन् । रक्षामन्त्री राजनाथ सिंहले पछिल्लो ६ महिनामा धामीले मुख्यमन्त्री भएर पार्टीको पक्षमा शानदार काम गरेको भन्दै पुनः मुख्यमन्त्री बनेर अब राज्यको बहुआयामिक विकास गर्ने केही दिनअघि बताउनुभएको थियो । धामीको नेतृत्वमा भाजपाले हालै सम्पन्न कुल ७० सिटको विधानसभा निर्वाचनमा ४७ सिट अर्थात् बहुमत हासिल गरेको थियो ।

धामी ६ महिनाभित्र उपनिर्वाचनमा विजयी भएर आउनुपर्नेछ । भाजपाले उत्तराखण्डमा लगातार दोस्रो पटक सरकार गठन गर्न लागेको हो । निर्वाचनमा पराजित भएपछि ११ मार्चका दिन धामीले मुख्यमन्त्रीको पदबाट राजीनामा दिनुभएको थियो ।


## VACANCY ANNOUNCEMENT

*(First Published date: 25 March 2022)*

Nepal Red Cross Society, Surkhet Eye Hospital, Birendranagar is seeking applications from qualified Nepali citizen for the following post

| S.N. | Position | Qualification | Number |
|---|---|---|---|
| 1 | Ophthalmologist | MD/MS Ophthalmologist from recognized institute with NMC registration | 1 |

Interested candidates are encouraged to apply with recent CV, academic qualification and passport size photograph within 8 April 2022 in the following address:

**Nepal Red Cross Society Surkhet Eye Hospital**
**Birendranagar Surkhet (Ph no 083520513)**
**surkhet.eyehospital@gmail.com**

## बिर्तामोड नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा, १ नं प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०७८/१२/११ गते

यस कार्यालयबाट निन्नानुसारको मितिमा **हिमालय टाईम्स** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचनामा बिर्तामोड नगरपालिकाको निम्नानुसारको **कार्यको** विद्युतिय खरिद प्रणाली (e-gp) मार्फत बोलपत्र आव्हान भई माग भए अनुसार तपशिल बमोजिमका ठेक्कामा पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको बोलपत्र, यस कार्यालयको मिति २०७८/१२/१० मा निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि.न. | सुचना प्रकाशन मिति | बोलपत्रको विवरण | स्विकृतिको लागि छनोट भएको बोलपत्रदाताको | कबोल अंक (भ्याट सहीत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७८/०९/२७ | (Construction of Birta Bazaar Agricultural & Community Building Works) BTMMUN/BUILDINGS/NCB - 26/078-79 | MS Shivalaya -R.S. JV, New Baneshwor, Kathmandu | NRs. 5,05,65,308.46/- | न्यूनतम मूल्यांकित कबोल रकम, सारभूत रुपमा प्रभावग्राही |
| २ | २०७८/११/१९ | Procurement & Supply of Stationary Goods BTMMUN/ GOOD S/NCB-29/078-79 | MS IPROK Stationary Industries, Ramdhuni, Sunsari | NRs. 22,52,095.65/- | न्यूनतम मूल्यांकित कबोल रकम, सारभूत रुपमा प्रभावग्राही |

**प्रमुख प्रशासकीय अधिकृत**

## BIRTAMODE MUNICIPALITY
## Office of Municipal Executive

Birtamode, Jhapa

### Request for Sealed Quotation

For
**Operation of Registration camp for vital events Registration, Social security and related complaint**

**(Date of First Publication: 2078 Chaitra 11 || March 25th, 2022)**

1 Birtamode Municipality, Jhapa received fund on conditional grant through fiscal transfer of Strengthening Systems for Social protection and Civil Registration (SSSPCR) Project, The Ministry of Home affairs, Department of National ID and Civil Registration, Government of Nepal has received financing from The World Bank toward the cost of the project, and intends to apply part of the proceeds toward payments under the contract for hiring a Firm providing Operation of Registration camp for vital events Registration, Social security and related complaint.

2 Bidding will be conducted through National competitive bidding using a Request for Quotation (RFQ) as specified in the Public Procurement Act and Regulations.

3. Birtamode Municipality, Jhapa District invites sealed quotation from the qualified consulting firm of the following detail.

| S. N. | Description | Bidding Document fee (non-refundable) | Deadline of bid-document purchase | Bid submission deadline (Date and Time) | Bid-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Operation of Registration camp for vital events Registration, Social security and related complaint (BTMMUN/SERVICE/SQ-32/078-79) | NRs. 1000.00 | 2078 Chaitra 25 April 8th 2022 till office Hour. | 2078 Chaitra 27, April 10th 2022 Before 12:00 Hour | 2078 Chaitra 27, April 10th 2022 On 14:00 Hour |

4 In case of last date for purchasing, submission and opening of bids falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the bid validity shall be recognized from the original bid submission deadline.

5. Interested Bidders must deposit cost of bid in the name of **Birtamode Municipality Office in NIC Asia Bank, Aantarik Rajaswa Khata a/c No. 2462050028354002** or Deposit cash in the counter of Birtamode Office.
The employer reserves the right to amend, accept or reject, wholly or partly, any or all the bids without assigning any reasons whatsoever.

6. For further query Contact Birtamode Municipality, Jhapa, Telephone No: 023-590498 and visit Website:www.birtamodmun.gov.np

**Chief Administrative Officer**

## Gadhawa Rural Municipality
## Office of the Rural Municipal Executive

**Gadhawa, Dang**

### Invitation for Sealed Bids/Quotation

**Second Date of publication: March 25, 2022(11 Chaitra 2078)**

1. **Gadhawa Rural Municipality Dang** invites electronic Bids/Quotations only from Nepalese eligible bidders for the construction of Projects as mentioned below under NCB/SQ Procedures. Bidding is open to all eligible Nepalese bidders.
2. Eligible Bidders may obtain further information and inspect/Purachase the Bidding Documents at the office of Gadhawa Gaunpalika one day prior to the date of bid submission within office hour or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract Number | Last Date of Bid Submission | Date and time of Bid Opening | Bid Validity Period | Bid Security Validity Period | Prebid Meeting |
|---|---|---|---|---|---|
| 34/SQ/GRM/W/2078/079<br>35/SQ/GRM/W/2078/079<br>36/SQ/GRM/W/2078/079 | April 10 ,2022 (within 12:00 PM) | April 10,2022 (1:00 PM) | 45 days beyond the bid opening date | 75 days beyond the bid opening date | NA |

**Bank Details to deposit bidding document cost**

| Name of the Bank | Name of Office | Office Code no | Deposit Account Number | Rajaswa Account Number |
|---|---|---|---|---|
| NIC ASIA Bank, Lamahi Branch | Gadhawa Rural Municipality | NA | 5141498824524003 | 0512050028738002 |

**Details of the contract :**

| S.N | Contract ID | Descriptions of Work | Estimated Amount with VAT | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 34/SQ/GRM/W/2078/079 | 5 No. ward karyalaya jane bato kalopatre. | 18,07,557.00 | 50,000.00 | 1000.00 |
| 2 | 35/SQ/GRM/W/2078/079 | Bhawani Mandir Dekhi Khanepani Samma sadak kalopatre. | 19,96,424.58 | 55000.00 | 1000.00 |
| 3 | 36/SQ/GRM/W/2078/079 | Baki chowk dekhi saimandir samma sadak kalopatre | 19,96,424.58 | 55000.00 | 1000.00 |

3. Mandatory information which is not covered in this bidding document will be as per PPA and latest edition of PPR.
4. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all Bids at any time prior to contract award.

**Chief Administratrive Officer**